# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, भदौ २ गते, २०८२ साल (अतिरिक्ताङ्क २४

# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

नेपाल सरकारले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका ऐनमा कायम रहेको शुल्क, कर वा महसुलको दर हेरफेर गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः

१. **आर्थिक ऐन, २०८२ का अनुसूची-४ को दफा १ को खण्ड (ग) मा विलासिता शुल्कको दरमा हेरफेरः** आर्थिक ऐन, २०८२ का अनुसूची-४ को दफा १ को खण्ड (ग) को व्यवसायबाट व्यवसायलाई व्यावसायिक प्रयोजनका लागि (बिजनेस टु बिजनेस) गरिने तथा सर्वसाधारणबाट व्यवसायलाई (कनज्यूमर टु बिजनेस)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिने सुन तथा सुनका गरगहनाको बिक्रीमा लाग्ने विलासिता शुल्क पूर्ण रूपमा छुट प्रदान गरिएको छ।

२. **<u>अन्तःशुल्क ऐन, २०५८ को अनुसूचीमा उल्लिखित अन्तःशुल्क दरमा हेरफेरः</u>** अन्तःशुल्क ऐन, २०५८ को अनुसूचीको,-

(क) उपशीर्षक ३९२३.३०.९० अन्तर्गत पर्ने अन्य कार्बोइहरू, बोतलहरू फ्लास्कहरू र त्यस्तै सामानहरूको आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्क पूर्ण रूपमा छुट प्रदान गरिएको छ।

(ख) द्रष्टव्यको बुँदा नं. ९ को किसमिसलगायतका सुक्खा फल, ग्रेप जुस कन्सेन्ट्रेट वा फ्रुट जुस कन्सेन्ट्रेटबाट स्वदेशमा उत्पादन हुने उपशीर्षक २२०६.००.९० मा पर्ने वाइनमा लाग्ने अन्तःशुल्कमा पैंतिस प्रतिशत छुट प्रदान गरिएको छ।

३. **<u>भन्सार महसुल ऐन, २०८१ को अनुसूची-३ को भन्सार महसुल दरमा हेरफेरः</u>** भन्सार महसुल ऐन, २०८१ को अनुसूची-३ को उपशीर्षक ४४२१.९१.२० अन्तर्गत पर्ने बाँसको मसला नहालेको सलाईको काँटी (मैच स्प्लिण्ट्स) र उपशीर्षक ४४२१.९९.२० अन्तर्गत पर्ने अन्य मसला नहालेको सलाईको काँटी (मैच स्प्लिण्ट्स) मा भन्सार महसुल दर ५ प्रतिशतको सट्टा १५ प्रतिशत कायम गरिएको छ।

**आज्ञाले,**
**दिनेश कुमार घिमिरे**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौँमा मुद्रित। मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।